नेपाल सरकार

हुलाक सेवा विभागद्वारा

आ.व. २०८२/८३ को द्वितीय त्रैमासिक समयावधि (२०८२ कात्तिक १ गतेदेखि २०८२ पुष मसान्तसम्म) मा सम्पादित कार्यहरूको संक्षिप्त विवरण

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र नियमावली २०६५ को नियम (३) बमोजिमको विवरण देहाय बमोजिम रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

| | | |
|---|---|---|
| क. निकायको स्वरुप र प्रकृति | हुलाक सेवा विभाग केन्द्रीय स्तरको निकाय रहेको । यस अन्तर्गत हुलाक सेवालाई व्यवस्थापन गर्ने गोश्वारा हुलाक कार्यालय, हुलाक प्रशिक्षण केन्द्र गरी २ वटा निकायहरू रहेका, ६ वटा हुलाक निर्देशनालयहरू, ७० वटा जिल्ला हुलाक कार्यालयहरू, ६७६ वटा पालिका हुलाक कार्यालयहरू र २५८९ वटा अतिरिक्त हुलाक कार्यालयहरू रहेका छन। | |
| ख. निकायको काम कर्तव्य अधिकार | हुलाक सेवालाई संचालन व्यवस्थापन र समयसापेक्ष परिमार्जन गर्ने, हुलाक सेवाको अध्ययन गर्ने, नीतिगत सुझाव, कर्मचारी व्यवस्थापन, हुलाक सेवाको व्यवस्थापनको लागि आवश्यक निर्णय गर्ने, मातहतका कार्यालयहरूको निरिक्षण अनुगमन गर्ने, मातहतका कार्यालयहरूलाई निर्देशन गर्ने विभाग अन्तर्गत भएका कामहरूको प्रगतिको माथिल्लो निकायमा प्रतिवदेन गर्ने। | |
| ग. निकायमा रहेका कर्मचारी दरबन्दी विवरण | महानिर्देशक-१ | |
| | निर्देशक-२ | |
| | शाखा अधिकृत-७ | |
| | कला अधिकृत-१ | |
| | लेखा अधिकृत- १ | |
| | नायव सुव्वा- ६ | |
| | कम्प्युटर अपरेटर-४ | |
| | टा.ना.सु-१ | |
| | खरिदार-८ | |
| | सिनियर मिस्त्री- १ | |
| | हलुका सवारी चालक-४ (१ जना स्थायी, करार ३ जना) | |
| | का.स.-११ (१ जना स्थाई, करार १० जना) | |
| घ. निकायवाट प्रदान गरिने सेवा | कर्मचारीको सरुवा, बढुवा लगायत व्यवस्थापन। | |
| | UPU, APPU लगायत अन्तराष्ट्रिय हुलाक सेवा सम्बन्धित संस्थाहरू सँग सहकार्य। | |
| | हुलाक सेवाको आवश्यकता र माग बमोजिम कार्यालय व्यवस्थापन, अध्ययन तथा डाँक रेखा पुनरावलोकन आदि। | |
| ङ. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी | प्रशासन तथा योजना शाखाः निर्देशक, जमुना मिश्र<br>डाँक, टिकट तथा अन्तराष्ट्रिय सम्बन्ध शाखाः निर्देशक, लिला राज पौडेल | |
| | कर्मचारी प्रशासन शाखा | शाखा अधिकृत, किशोर विश्वकर्मा |
| | फिलाटेलिक तथा टिकट व्यवस्थापन शाखा | शाखा अधिकृत, चन्द्रा थापा |
| | फिलाटेलिक तथा टिकट व्यवस्थापन शाखा | कला अधिकृत, पूर्ण कला लिम्बु |
| | योजना तथा अनुगमन शाखा | शाखा अधिकृत, ईश्वरी अर्याल |
| | जिन्सी व्यवस्थापन शाखा | शाखा अधिकृत, गोपाल निरौला |
| | अन्तराष्ट्रिय डाँक लेखा तथा अनुसन्धान शाखा | शाखा अधिकृत, यशोदा अर्याल |
| | अन्तराष्ट्रिय सम्बन्ध शाखा | शाखा अधिकृत, शितल सिंह उखेडा |

| | | |
|---|---|---|
| | आन्तरिक डाँक तथा अनुगमन शाखा | शाखा अधिकृत, शालिकराम बस्याल |
| | आर्थिक प्रशासन शाखा | लेखा अधिकृत, निर्मल गौतम |
| च. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधी | दस्तुरः निशुल्क<br>अवधिः तुरुन्त प्रकृया अघि बढाइने | |
| छ. निर्णय गर्ने प्रक्रिया र अधिकारी | प्रक्रियाः सम्बन्धित शाखाको अधिकृतको पहलअनुसार प्रक्रिया आरम्भ भई महानिर्देशकज्यूबाट (आवश्यकतानुसार मन्त्रालयबाट) निर्णय हुने।<br>निर्णय गर्ने अधिकारीः महानिर्देशक श्री मनमायाँ भट्टराई पंगेनी | |
| ज. निर्णय उपर उजुरी सुन्ने अधिकारी | महानिर्देशक | |
| झ. सम्पादन गरेको कामको विवरण | १. प्रशासन तथा योजना शाखाबाट भएका कामहरु:<br>१.१. पदस्थापन, काज तथा सरुवा, विदा सम्बन्धी, तालिममा मनोनयन तथा सिफारिस लगायतका कर्मचारी प्रशासन सम्बन्धी कामहरू निरन्तर भईरहेको।<br>१.२. आवश्यकतानुसार विभिन्न जिल्लाहरूमा प्रशासनिक तथा आर्थिक अख्तियारी प्रदान गरिएको।<br>१.३. जिल्लाहरूमा कार्यरत कर्मचारीहरूको विवरण संकलन तथा अद्यावधिक गर्ने काम भएको।<br>१.४. तालुक तथा मातहतका निकायहरूमा पत्राचार तथा समन्वयका कार्यहरू गरिएको।<br>१.५. स्मार्ट हुलाक कार्यालयका लागि आवश्यक सूचना प्रविधि उपकरण खरिदका लागि स्पेशिफिकेशनको काम भएको।<br>१.६. आन्तरिक तथा वाह्य हुलाक वस्तु ढुवानीका लागि आवश्यक डाँक थैला बोलपत्र मार्फत खरिद गर्न सूचना आव्हान गरिएको।<br>१.७. संघीय संरचना अनुसार स्थापना भएका हुलाक कार्यालयका लागि आवश्यक हुलाक टाँचा हस्तान्तरण गरिएको।<br>१.८. UPU को सहयोगमा खरिद गरिएका इलेक्ट्रिक स्कुटर २०८२ भाद्र २४ गतेको आन्दोलनका क्रममा क्षति भएका कार्यालयहरु (हुलाक निर्देशनालय, पोखरा, हुलाक निर्देशनालय, विराटनगर, जिल्ला हुलाक कार्यालय, बाँके लगायत अन्य कार्यालयहरुमा) हुलाक वस्तु ढुवानीको सहजताका लागि पठाइएको।<br>१.९. गोश्वारा हुलाक कार्यालय, हुलाक निर्देशनालय एवं जिल्ला हुलाक कार्यालयहरुबाट नियमित रुपमा माग भए अनुसारका जिन्सी सामानहरु नियमित रुपमा पठाउने कार्य गरी रहेको।<br>१.१०. हुलाक सेवामा प्रयोग भएका विभिन्न सफ्टवेयहरु सञ्चालन सम्बन्धी तालिम कार्यक्रम विश्व हुलाक संघका प्रतिनिधिको उपस्थितिमा सम्पन्न भएको।<br>१.११. जिल्ला हुलाक कार्यालय, गोरखाबाट स्मार्ट हुलाक कार्यालय घोषणा तथा शुभारम्भ गरिएको। | |

१.१२. बेरुजुको लगत मातहतका कार्यालयहरुबाट माग गरी अध्यावधिक भई रहेको।

१.१३. नियमित प्रकृतिका प्रशासन सम्वद्ध विभागस्तरीय कार्यहरू सम्पन्न गरिएको।

१.१४. मातहतका केही कार्यालयहरूको निरीक्षण अनुगमन भएको।

२. डाँक, टिकट तथा अन्तराष्ट्रिय सम्बन्ध शाखाबाट भएका कामहरू:

२.१. अन्तर्राष्ट्रिय डाँक ढुवानी गर्नका लागि सम्झौता भएका एयरलाइन्सलाई भुक्तानीका लागि सिफारिस नियमित रुपमा भई रहेको।

२.२. टर्मिनल ड्युज सम्बन्धी कार्यहरु भई रहेको।

२.३. Yeti airlines, Summit airlines, Buddha Airlines को आन्तरिक डाँक ढुवानी लागत Payment भएको।

२.४. पोखरामा EMS सेवा सम्बन्धी अन्तक्रिया कार्यक्रम सञ्चालन भएको।

२.५. म्याग्दीमा हुलाक सेवा सम्बन्धी स्थानीय तहसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको।

२.६. सुनसरीको इटहरीमा EMS सेवा सम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको।

२.७. Yeti airlines को Cargo व्यवस्थापन पक्ष उपायसिटी कम्पनी लिमिटेडलाई दिएको हुदाँ उपायसिटी कम्पनी लिमिटेडसँग सम्झौता गरी आन्तरिक हवाई डाँकलाई निरन्तरता दिइएको।

२.८. आन्तरिक डाँक सम्बन्धी अन्य आइपर्ने विविध कार्यहरु गरिएको।

२.९. हुलाक निर्देशनालय, दाङ, जिल्ला हुलाक कार्यालय, रुपन्देही, जिल्ला हुलाक कार्यालय, कपिलवस्तु, हुलाक कार्यालय, बुटवल उपमहानगरपालिकामा हुलाक टिकट अनुगमन तथा PTMS (Postal Ticket Management System) सम्बन्धी पुनर्ताजगी तालिम सम्पन्न गरिएको।

२.१०. हुलाक टिकट प्रकाशनका लागि विभिन्न जिल्लाहरुबाट फोटो संकलनको काम भैरहेको।

२.११. मिति २०८२/०९/०९ गते समाजसेवी ओम प्रकाश गोयलको हुलाक टिकटको प्रथम दिवसिय आवरणमा टाँचा प्रदान गरिएको।

२.१२. दिगो तथा इकमर्स मैत्री हुलाक क्षेत्र निर्माणका लागि एशिया प्यासिफिक पोष्टल युनियनका deligates Sandip KP को उपस्थितिमा ३ दिने कार्यशाला र ORE (Operational Readiness For E-commerce) सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।

२.१३. शाखाको कार्यविवरण तथा माइलस्टोन बमोजिमको कार्य सम्पादन गरिएको।

| | |
|---|---|
| प्रमुखको नाम र पद | महानिर्देशक श्री मनमायाँ भट्टराई पंगेनी |
| सूचना अधिकारी | निर्देशक, जमुना मिश्र |

<table>
<tr>
<td>ट. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची</td>
<td colspan="2">हुलाक सेवा सँग सम्बन्धित ऐन, नियम, विनियम वा निर्देशिकाको सूची यसप्रकार छन्:<br>❖ हुलाक सम्बद्ध ऐनहरू<br>➢ हुलाक ऐन, २०१९<br>➢ आन्तरिक-हुलाक-वस्तु-बीमा गर्ने ऐन २०१९<br>❖ हुलाक सम्बद्ध नियमावलीहरू<br>➢ आन्तरिक हुलाक वस्तु बीमा गर्ने नियमहरू, २०१९<br>➢ हुलाक नियमावली, २०२०<br>➢ धनादेश नियमावली, २०३१<br>➢ हुलाक बचत बैंक नियमावली, २०३३<br>➢ अतिरिक्त हुलाक नियमावली, २०३४<br>➢ वैरङ्ग हुलाक नियमावली, २०३४<br>❖ हुलाक सम्बद्ध कार्यविधि/निर्देशिकाहरू<br>➢ हुलाक सेवा कार्यविधि निर्देशिका, २०६३<br>➢ हुलाक टिकट प्रकाशन निर्देशिका, २०७०<br>➢ हुलाक बचत बैक कार्यसञ्चालन (प्रथम संशोधन) निर्देशिका, २०७३</td>
</tr>
<tr>
<td rowspan="4">ठ. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण</td>
<td colspan="2">आम्दानीः रु. ३,७९,४८,२४३.६१ /-(अक्षरुपी तीन करोड उनासी लाख अठचालिस हजार चार सय त्रिचालिस रुपैया एकसठ्ठी पैसा)</td>
</tr>
<tr>
<td colspan="2">आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण</td>
</tr>
<tr>
<td>आ.व. २०८२/०८३ को पुष मसान्तसम्मको विनियोजित बजेट तथा खर्चको विवरण</td>
<td>बेरुजु विवरण (हजारमा)</td>
</tr>
<tr>
<td>पुँजिगत बजेट रु. २,९२,००,०००/-( अक्षरुपी दुई करोड बयानब्बे लाख रुपैया)<br>खर्च रु. ९,२४,६७९/-( अक्षरुपी नौ लाख चौबिस हजार छ सय उनासी रुपैया)<br>चालु बजेट रु. १६,९४,२५,०००/-(अक्षरुपी सोह्र करोड चौरानब्बे लाख पच्चिस हजार रुपैया)<br>खर्च रु. ६,५३,६९,८४१.७२/- (अक्षरुपी छ करोड त्रिपन्न लाख उन्नसत्तरी हजार आठ सय एकचालिस रुपैया बहत्तर पैसा)<br>जम्मा (चालु तथा पुँजीगत) बजेट रु. १९,८६,२५,०००/- ( अक्षरुपी उन्नाइस करोड छयासी लाख पच्चिस हजार रुपैया)<br>जम्मा खर्च रु. ६,६२,९४,५२०.७२/- (अक्षरुपी छ करोड बइसठ्ठी लाख चौरानब्बे हजार पाँच सय बिस रुपैया बहत्तर पैसा)</td>
<td>विनियोजन तर्फ कुल बेरुजु- २५,१७,२५/-<br>२०८२ असोज मसान्तसम्म<br>– फछ्र्योट- ३,७५,६७/-<br>– फछ्र्योट प्रतिशतः १४.९२%<br>(हुलाक बचत बैंक र केन्द्रिय धनादेश कार्यालय तर्फको कुल बेरुजु ४९,७२,५९ रहेको छ)</td>
</tr>
</table>

ड. तोकिए बमोजिमका अन्य विवरण

१. <u>आ.व. २०८२/८३ को विनियोजित बजेट तथा खर्चको विवरण</u>

रु. हजारमा

| निकाय | वार्षिक विनियोजन | | २०८२ पुष मसान्तसम्मको खर्च | | २०८२ पुष मसान्तसम्मको प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | चालु | पुँजिगत | चालु | पुँजिगत | चालु | पुँजिगत |
| हुलाक सेवा विभाग | १६,९४,२५ | २,९२,०० | ६,५३,७९ | ९२४ | ३८.५८% | ३.१६% |

ढ. विभागका वेबसाइटः **https://www.nepalpost.gov.np**

ण. हुलाक सेवा विभागमा रहेका शाखाहरुको आधिकारिक इमेलहरु

| क्र.सं. | शाखा | Email address |
|---|---|---|
| १ | कर्मचारी प्रशासन शाखा | admin@nepalpost.gov.com<br>nepalpost.hulak@gmail.com |
| २ | जिन्सी व्यवस्थापन शाखा | workshop@postalservice.gov.np |
| ३ | योजना तथा अनुगमन शाखा | planning@nepalpost.gov.np<br>psdyojana@gmail.com |
| ४ | फिलाटेलिक तथा टिकट व्यवस्थापन शाखा | ticketdesign@nepalpost.gov.np |
| ५ | अन्तराष्ट्रिय सम्बन्ध शाखा | info@nepalpost.gov.np<br>info@postalservice.gov.np |
| ६ | अन्तराष्ट्रिय डाँक लेखा तथा अनुसन्धान शाखा | intmailacc@nepalpost.gov.np<br>info@nepalpost.gov.np |
| ७ | आन्तरिक डाँक तथा अनुगमन शाखा | internalmail@nepalpost.gov.np<br>psdpostalsection@gmail.com |
| ८ | आर्थिक प्रशासन शाखा | account@nepalpost.gov.np<br>hulaksewabivag013@gmail.com |